भेरी नगरपालिका

Bheri Municipality

# नगर कार्यपालिकाको कार्यालय

# Office of the Municipal Executive

खलंगा, जाजरकोट

Khalanga, Jajarkot

कर्णाली प्रदेश, नेपाल

Karnali Province, Nepal

प.सं.(Ref. No.): - २०८२/०८३

च.नं. (Dis. No.): -

**कर्मचारी आवश्यकता सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित: २०८३/०१/११**

नेपाल सरकार, फिनल्याण्ड सरकार/युरोपियन युनियन र भेरि नगरपालिकाको संयुक्त साझेदारीमा संचालित सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA) परियोजनाका लागि तपसिलमा उल्लेखित पदहरूमा सेवा करार पदपुर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट वैयक्तिक विवरण र निवेदन सहित सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

..............................

(बिष्णुहरि तिमल्सेना)

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

| क्र. स. | बिज्ञापन नम्वर | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | SUSWA-१-०८२/०८३ | खानेपानी, सरसफाइ तथा स्वच्छता संयोजक (वास संयोजक)/WASH Coordinator | अधिकृत छैठौं | १ |
| २ | SUSWA- २-०८२/०८३ | प्राविधिक सहजकर्ता (Technical Facilitator) / (सब इन्जिनियर) | सहायक पाँचौं | १ |

**१. आवश्यक न्युनतम् योग्यता तथा अनुभव:**

**१.१ खानेपानी सरसफाइ तथा स्वच्छता संयोजक (विज्ञापन नं. SUSWA-१-०८२-०८३, आवश्यक संख्या:- १(एक))**

- कम्तीमा स्नातक तह (ग्रामीण विकास, समाजशास्त्र, व्यस्थापन वा सो सरह ) उत्तिर्ण गरि कम्तीमा ५ वर्षको ग्रामीण विकास, योजना तर्जुमा र ब्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनु पर्ने साथै खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा अनिवार्य कम्तीमा ३ वर्ष काम गरेको हुनु पर्ने।
- सामाजिक परिचालन, तालिम सहजिकरणमा सम्बन्धी सीपहरु उत्कृष्ट भएको।
- अंग्रेजी र नेपाली भाषामा लेखन र बोलाइमा राम्रो दखल सहित स्थानीय भाषामा जानकार भएको।
- नेपाली र अंग्रेजीमा राम्रो प्रतिवेदन लेखन सीप भएको।
- आधारभुत कम्पुटर (MS word, Excel, power point) को ज्ञान र सीप भएको।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्य गरेकोलाई बिशेष ग्राह्यता दिईने।
- सम्बन्धित स्थानिय नागरिकलाई प्राथमिकता दिईने छ।

**१.२ प्राविधिक सहजकर्ता (विज्ञापन नं. SUSWA-२-०८२-०८३, आवश्यक संख्या:- १(एक))**

- सिभिल इन्जिनियरिङमा डिप्लोमा तहको उत्तीर्ण गरि न्यूनतम ३ वर्ष समुदायमा आधारित ग्रामीण खानेपानी तथा सरसफाइ गतिविधिहरू (सर्वेक्षण, डिजाइन, पर्यवेक्षण/अनुगमन र मूल्याङ्कन आदि) मा अनुभव भएको हुनपर्ने।
- दाताहरूद्वारा अनुदान प्राप्त कार्यक्रमहरू/परियोजनाहरू र स्थानीय सरकार अन्तर्गत काम गरेको अनुभव भएका आबेदकलाई पहिलो प्राथमिकता हुने।



CamScanner

- सामाजिक परिचालन र तालिम सहजीकरण सीपहरूमा दखल भएको ।
- अंग्रेजी र नेपालीमा लेख्ने र बोल्ने सीप भएको र स्थानीय भाषामा राम्रोसँग सहजीकरण गर्न सक्ने सीप भएको ।
- नेपाली र अंग्रेजी दुबैमा राम्रो रिपोर्टिङ गर्ने सक्ने सीप भएको ।
- कम्प्युटर (Word, Excel, Power point, Email/Internet) राम्रो ज्ञान र सीप भएको ।
- ड्राफ्टिङ/AutoCad चलाउन जान्ने सीप भएको ।

२. **दरखास्त दिने स्थान: भेरी नगरपालिक, नगर कार्यपालिकाको कार्यालय, खलंगा, जाजरकोट ।**

३. **दरखास्त दिने अन्तिम मिति: २०८३/०१/१७ गते ।**

४. **आवेदन दस्तुर:** माथि उल्लेखित खानेपानी, सरसफाइ तथा स्वच्छता संयोजक पदको लागि रु. १००० (अक्षरुपी एक हजार) र प्राबिधिक सहजकर्ता पदको लागि रू. ५०० (अक्षरूपी पाँच सय मात्र) भेरी नगरपालिकाको आन्तरीक राजश्व खाता ०७५०३००००१००१०००००२ मा जम्मा गरेको सक्कल भौचर संलग्न राख्नु पर्ने छ ।

५. **छनौँटको किसिम:** प्रारम्भिक योग्यता क्रमको सुची प्रकाशन, लिखित तथा मौखिक परीक्षा र कम्प्युटर सीप परीक्षण गरिने छ ।

६. **आवेदनका साथ संलग्न राख्नु पर्ने कागजातहरु:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय वमोजिमका कागजातहरुको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ

| | | |
|---|---|---|
| १. नेपाली नागरीकताको प्रमाणपत्र | २.चारित्रिक प्रमाणपत्र | ३. काम सँग सम्बन्धित अनुभव र नियुक्ति पत्रको प्रतिलिपि कागजातहरु । |
| ४. न्युनतम् योग्यताको लब्धाङ्क प्रमाण पत्र | ५.बैयक्तिक विवरण (बायो डाटा) | ६. कामसँग सम्वन्धित तालिमका प्रमाणपत्रहरु |

**७. सेवा/सुबिधा:** आयोजनाको नियमानुसार

**८. अन्य:** काम सँग सँम्वन्धित कार्य विवरण नगरपालिकाको Website: https:// https://bherimun.gov.np/ मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner